मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३२ ◆ अङ्क : १०८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ फागुन २३ गते शनिबार (Saturday, 7 March. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## एमाले केही स्थानमा मात्र अगाडि

**काठमाडौं, फागुन २२।** अघिल्लो संसदमा दोस्रो ठूलो दल बनेर कांग्रेससँगको गठबन्धनमा सरकारको नेतृत्व गरेको नेकपा एमालेले यसपटकको निर्वाचनमा अप्रत्यासित हार व्यहोर्ने निश्चित जस्तै छ।

देशको अधिकांश निर्वाचन क्षेत्रको मतगणना भइरहँदा एमालेले १० स्थानमा मात्र अग्रता कायम गरेको छ। त्यही पनि अधिकांश स्थानमा झिनो मतान्तर रहेको छ। तेह्रथुम-१मा भानुभक्त ढकाल, ओखलढुंगा-१मा अस्मिता थापा अरु पार्टीभन्दा अग्रस्थानमा छन्।

(बाँकी अन्तिम पृष्ठमा)

# राস्वपा एकलौटी अग्रतासहित बलियो बहुमततिर



## झापाका ५वटै क्षेत्रमा रास्वपा

**काठमाडौं, फागुन २२।** फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको शुरुवाती मतगणनामा राष्ट्रिय स्वतन्त्र पार्टीले एकलौटी अग्रता लिएको छ। यही क्रममा मतगणनाको अन्तिम परिणाम आउने हो भने रास्वपाले बलियो बहुमत सुनिश्चित गरेको छ।

समानुपातिकतर्फ पनि घण्टी चुनाव चिन्ह वाहक रास्वपाले अप्रत्यासित मत प्राप्त गर्ने अनुमान गरिएको छ। झापा, मोरङसहित देशैभर रास्वपाले एकलौटी अग्रता कायम गरेको छ। निर्वाचनको प्रारम्भिक परिणामबाट पुराना भनिएका दलका अधिकांश उम्मेदवारको धरौटी जफत हुने देखिएको छ।

बिहीबार एकैचरणमा भएको मतदानपछि अहिले देशभर मतगणना भइरहँदा यो निर्वाचन युवा ऊर्जा र परिवर्तनको चाहनासँग जोडिएको पुष्टि भएको छ।

मतगणना मध्यक्रममा पुगिसक्दा राष्ट्रिय स्वतन्त्र पार्टीले ११० निर्वाचन क्षेत्रमा अग्रता बनाउँदै सहज बहुमततिर लम्किएको छ। रास्वपाले अहिलेसम्म प्रत्यक्षतर्फ ११० निर्वाचन क्षेत्रमा अग्रता बनाएको छ। हालसम्म गणना भएका क्षेत्रहरूमा रास्वपाले सतक बढी क्षेत्रमा अग्रता बनाएर संसद्मा एकछत्र उपस्थिति देखाउन लागेको देखिएको छ।

यो अग्रताको संख्या अझ बढ्ने देखिएको छ। अहिलेसम्म नेपाली कांग्रेस मुस्ताङको १ सिटमा बिजयी भएको छ। अन्य ११ क्षेत्रमा उसको अग्रता छ। नेकपा एमाले अहिले १० क्षेत्रमा अगाडि छ।

नेकपा भने ९ क्षेत्रमा अघि छ। श्रम संस्कृति पार्टीले २ क्षेत्रमा अग्रता लिएको छ। राष्ट्रिय प्रजातन्त्र पार्टी र जनता समाजवादी पार्टीले १/१ क्षेत्रमा अग्रता बनाएका छन्। अहिलेसम्म रास्वपा सभापति रवि लामिछाने चितवन २मा फराकिलो अग्रता लिएर अघि बढिरहेका छन्। वरिष्ठ नेता बालेन शाह पनि झापा-५ एमाले

(बाँकी अन्तिम पृष्ठमा)

## रास्वपाबाट जितको खाता खोल्ने रञ्जु दर्शना



**काठमाडौं, फागुन २२।** राष्ट्रिय स्वतन्त्र पार्टीकी रञ्जु न्यौपाने (रञ्जु दर्शना) सो पार्टीबाट यो चुनावमा विजयी हुने पहिलो उम्मेदवार बनेकी छन्।

काठमाडौं क्षेत्र नं. १ बाट उठेकी ३० वर्षीया न्यौपाने १५,४५५ मत ल्याएर बिजयी भएकी मुख्य निर्वाचन अधिकृत चुरामन खड्काले जानकारी दिए।

नेपाली कांग्रेसका उम्मेदवार प्रबल थापालाई दोब्बरभन्दा बढी मतले उनी बिजयी भएकी हुन्। थापाले ६,३६४ मत ल्याएको निर्वाचन आयोगले जनाएको छ। तेस्रो स्थानमा राष्ट्रिय प्रजातन्त्र पार्टीका रवीन्द्र मिश्रले तीन हजार ९७२ मत ल्याएका छन्। उनी लगातार तेस्रो पटक पराजित भएका छन्।

वि.सं. २०७४मा काठमाडौंमा मेयर पदमा उठेकी दर्शनाले २३ हजारभन्दा बढी मत ल्याएकी थिइन्। त्यसपछि विसं २०७९ सालको आमनिर्वाचनमा काठमाडौं क्षेत्र नं. ५ बाट स्वतन्त्र उम्मेदवारी दिएकी थिइन्।

**अभियानकर्मी हुँदै राजनीतिज्ञ**

उज्ज्वल थापाको नेतृत्वमा रहेको विवेकशील नेपाली समूहको अभियानमा जोडिएकी दर्शना राजनीतिज्ञ बन्न पुगेकी हुन्।

उक्त समूह राजनीतिक दलको रूपमा दर्ता भएर पछि साझा पार्टीसँग एकता गऱ्यो। साझा विवेकशील

(बाँकी अन्तिम पृष्ठमा)

## कांग्रेसबाट खाता खोले योगेश गौचनले



**काठमाडौं, फागुन २२।** नेपाली कांग्रेसले प्रतिनिधिसभा निर्वाचनमा मुस्ताङबाट खाता खोलेको छ।

कांग्रेसका योगेश गौचनले एमालेका इन्द्रधारा विष्टलाई हराएर जित निकालेका हुन्। उनी अघिल्लो प्रतिनिधिसभा सदस्य निर्वाचनमा पनि बिजयी भएका थिए। नेपाली कांग्रेस मुस्ताङका सभापति रोमी गौचन थकालीका छोरा योगेशले १ हजार ५ सय १ अन्तरले जित निकालेका हुन्।

गौचनले ३ हजार ३ सय ७ मत ल्याउँदा निकटतम् प्रतिष्पर्धी विष्टले एक हजार ८ सय ६ मत पाए। राष्ट्रिय स्वतन्त्र पार्टीका अद्वितीयचन्द्र थकालीले ७ सय ५९ मत पाउँदा अरु दलका उम्मेदवार निकै कम अंकमा समेटिएका छन्।

कांग्रेसले अन्य ११ स्थानमा अग्रता कायम गरेको छ। ताप्लेजुङ-१मा गजेन्द्रप्रसाद तुम्याङ लिम्बू, इलाम १मा निस्कल राई अग्रस्थानमा छन्।

त्यस्तै रौतहट-२मा मो. फिरदोष आलम, सिन्धुपाल्चोक-२मा बंशलाल तामाङ, ललितपुर-१मा उदय शम्शेर राणा, काठमाडौं-९मा नानुमैया बाँस्तोला, मनाङ-१मा टेकबहादुर गुरुङ, कपिलवस्तु-३मा अभिषेकप्रताप साह, सुर्खेत-१मा विष्णुबहादुर खड्का, दैलेख-१मा बास्ना थापा र जाजरकोट-१मा खडकबहादुर बुढाले अग्रस्थान कायम गरेका छन्।

## नेकपाको खाता खोल्दै प्रचण्ड विजयी



**काठमाडौं, फागुन २२।** रुकुम पूर्वमा नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का पुष्पकमल दाहाल 'प्रचण्ड' भारी मतान्तरले विजयी भएका छन्।


अहिलेसम्म गणना भएको १५ हजार ८ सय २३ मतमध्ये प्रचण्डले ८ हजार ७ सय ४७ मत प्राप्त गरेका छन् भने दोस्रो स्थानमा रहेका लीलामणि गौतमले ३ हजार १७ मत ल्याएका छन्।

यस निर्वाचन क्षेत्रमा कूल १९ हजार १८८ मत खसेको थियो। अब गणना गर्न ३ हजार ३ सय ६५ बाँकी छ। गणना गर्न ३ हजार ३ सय ६५ मत बाँकी रहँदा प्रचण्ड ५ हजार ४ सय ६० मतले अगाडि छन्। मतगणना पूरा गर्न र औपचारिक घोषणा भने हुन बाँकी छ।



नेकपाले देशका विभिन्न ८ स्थानमा अग्रता लिएको छ। जसअन्तर्गत काभ्रेपलाञ्चोक-१बाट दिननाथ गौतम, धादिङ-२बाट रामबहादुर भण्डारी, कपिलवस्तु-२बाट बृजेशकुमार गुप्ता, रोल्पा-१ बर्षमान पुन, सल्यान-१बाट रमेशकुमार मल्ल, कालिकोट-१बाट महेन्द्रबहादुर शाही, आछाम-१बाट भीमबहादुर रावल र कैलाली-३बाट वीरमान चौधरी अग्रस्थानमा छन्।

केही स्थानमा झिनो मतान्तरले अग्रता रहेको छ भने केही स्थानमा फराकिलो मतान्तरले अग्रता कायम गरेका छन्- नेकपाका उम्मेदवारले।

# शीर्ष नेताहरूले विश्राम पाउने संकेत, सबै 'रेडजोन' मा





**झापा, फागुन २२।** प्रतिनिधिसभा सदस्य निर्वाचनको जारी मतगणनामा पुराना राजनीतिक दलका केही शीर्ष नेताहरू कठिन प्रतिस्पर्धामा परेका छन्।

प्रारम्भिक मतपरिणामले कतिपय स्थापित नेताहरू आफ्नै निर्वाचन क्षेत्रमा चुनौतिपूर्ण अवस्थाबाट गुज्रिरहेको संकेत गरेको छ। विशेषगरी नयाँ शक्ति र स्वतन्त्र धारका उम्मेदवारहरूको उदयसँगै लामो समयदेखि राजनीति हाँकिरहेका नेताहरूको निर्वाचन क्षेत्रमै कडा प्रतिस्पर्धा देखिएको हो।

सबैभन्दा चर्चित प्रतिस्पर्धा झापा-५मा देखिएको छ। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली आफ्नै परम्परागत क्षेत्र झापा-५बाट चुनावी मैदानमा छन्। तर उनी राष्ट्रिय स्वतन्त्र पार्टीका नेता तथा काठमाडौं महानगरपालिकाका पूर्वप्रमुख बालेन्द्र शाहसँग कडा प्रतिस्पर्धामा परेका छन्। प्रारम्भिक मतगणनामा शाहले अग्रता लिएको विवरण सार्वजनिक भइरहेकाले ओलीका लागि यो निर्वाचन प्रतिष्ठाको लडाइँ बनेको विश्लेषण गरिएको छ।

२०४८ साल यता भएका निर्वाचनमा ओलीले यो निर्वाचन क्षेत्रमा एक पटक मात्र हार व्यहोरेका थिए। २०६५ सालमा भएको संविधान सभाको निर्वाचनमा उनी तत्कालीन नेकपा माओवादीका उम्मेदवार विश्वदीप लिङ्देनसंग पराजीत भएका थिए।

त्यसयता यो निर्वाचन क्षेत्र ओलीका लागि सबै भन्दा भरपर्दो र सुरक्षित निर्वाचन क्षेत्रका रुपमा रहेको थियो। तर, यसपटक राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता वालेन्द्र शाहसंग प्रतिस्पर्धाले उनी रेड जोनमा परेका हुन्। १८ हजार मत गणना गर्दा नै ओली १० हजारभन्दा बढी मतान्तरले शाहसंग पछि परेका छन्।

यसैगरी नेकपा एमालेका उपाध्यक्ष विष्णु पौडेल पनि रेड जोनमा छन्। रुपन्देही क्षेत्र नम्बर २बाट चुनावी मैदानमा रहेका उनी राष्ट्रिय स्वतन्त्र पार्टीका युवा उम्मेदवारसँग प्रतिस्पर्धामा छन्। लामो समयदेखि एमालेको प्रभाव रहेको क्षेत्रमा यसपटक नयाँ दलको चुनौतिका कारण मतान्तर घटेको बताइएको छ।

यो समाचार तयार पार्दासम्ममा पौडेल १४ हजारभन्दा धेरै मतले पछाडि परेका छन्। उनी उम्मेदवार रहेको रूपन्देही २ रास्वपाले अग्रता लिएको छ।

पछिल्लो अपडेट अनुसार यहाँ रास्वपाका सुलभ खरेलले १८ हजार ५३९ मत पाएका छन्। एमालेका पौडेलले ३ हजार ९९६ मत पाएका छन्।

यता एमालेका सचिव महेश बस्नेत भक्तपुर क्षेत्र नम्बर २बाट चुनाव लडेका छन्। उनी राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवारसँग प्रतिस्पर्धामा छन्। परम्परागत रूपमा एमाले बलियो मानिने क्षेत्रमा पनि नयाँ दलको प्रभाव बढ्दा बस्नेतको जित सहज नदेखिएको विश्लेषकहरू बताउँछन्।

एमालेको बलियो 'गढ' मानिने भक्तपुर निर्वाचन क्षेत्र नम्बर २मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले कडा धक्का दिएको छ। पछिल्लो मतगणना परिणाम अनुसार रास्वपाका उम्मेदवार राजीव खत्रीले एमालेका प्रभावशाली नेता बस्नेतलाई दोब्बरभन्दा बढी मतान्तरले पछाडि पार्दै सनसनीपूर्ण अग्रता कायम गरेका छन्।

यता सर्लाही ४मा नेपाली कांग्रेसका सभापति गगन थापा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार डा. अमरेशकुमार सिंहसँग पछि छन्। उनी पनि त्यो निर्वाचन क्षेत्रमा रेड जोनमा परेका छन्।

२०७९ सालको निर्वाचन आउनुभन्दा ६ महिना अघि मात्रै रवि लामिछानेको अध्यक्षतामा पार्टी दर्ता गर्दै रास्वपा राजनीतिमा होमिएको दल हो।

रास्वपाबाट उम्मेदवार भएका तर, खासै नाम नसुनिएका उम्मेदवारहरूले ठूला र हेभिवेट नेताहरूलाई हायलकायल बनाएका छन्। यसरी हायलकायल हुनेमा एमाले अध्यक्ष ओलीदेखि मधेशवादी दलसहितका अन्य शीर्षनेताहरु छन्।

त्यस्तै झापाकै क्षेत्र नम्बर २मा पूर्वसभामुख समेत रहेका एमालेका देवराज घिमिरेलाई रास्वपाकी इन्दिरा रानाले निक्कै पछि छोडेकी छिन्। राना यसअघिकी उपसभामुख हुन्।

त्यस्तै झापाकै क्षेत्र नम्बर ३मा राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनलाई पनि रास्वपाकै प्रकाश पाठकले पराजित गर्ने अवस्था बन्दै गएको छ। उता, झापा ४मा कांग्रेसका देउकुमार थेवे र एमालेका एलपी साँवा जस्ता चर्चित नेताहरूलाई रास्वपाका शम्भुप्रसाद ढकालले हायलकायल बनाउँदैछन्।

उता मोरङको २ नम्बर क्षेत्रमा उम्मेदवार बनेका कांग्रेसका पूर्वमन्त्री मिनेन्द्र रिजाल, मोरङ ३ का कांग्रेसकै

(बाँकी अन्तिम पृष्ठमा)

## मतगणनास्थलमै रास्वपा नेताको निधन

**झापा, फागुन २२।** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मोरङका जिल्ला सदस्य दुर्गा रेग्मीको मोरङ क्षेत्र नम्बर-२को मतगणना स्थलमै हृदयघातका कारण मृत्यु भएको छ।

मतगणना भइरहेको स्थलमा उपस्थित रहेका रेग्मी अचानक बिरामी परेपछि उनलाई तत्काल उपचारका लागि अस्पताल लगिएको थियो। तर, चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए। उनको हृदयघातको कारण मृत्यु भएको प्रहरीले जनाएको छ।

बिहानदेखि मतगणना शुरु भएको केही समय पछि ढलेका रेग्मीको घटनास्थलमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङका एसपी कवित कटुवालले जानकारी दिए।

(बाँकी अन्तिम पृष्ठमा)




# १६ वर्षमुनिका लागि सामाजिक सञ्जालमा प्रतिबन्ध !

**काठमाडौं, फागुन २२।** इण्डोनेशिया सरकारले १६ वर्षमुनिका बालबालिकालाई सामाजिक सञ्जाल प्रयोगबाट रोक्ने तयारी गरेको छ। अनलाइन पोर्नोग्राफी, साइबरबुलिङ, ठगी र इन्टरनेटको लत बढ्दै गएको भन्दै यस्तो कदम चाल्न लागिएको सञ्चारमन्त्री मेउत्या हफिदले शुक्रबार जानकारी दिए।

मन्त्री हफिदका अनुसार उच्च जोखिम मानिएका सामाजिक सञ्जाल प्लेटफर्महरूमा १६ वर्षमुनिका प्रयोगकर्ताका खाताहरू क्रमशः निष्क्रिय बनाइनेछ। यसमा युट्युब, टिकटक, फेसबुक, इन्स्टाग्राम, थ्रेड्स, एक्स, बिगो लाइभ र रोब्लक्सजस्ता लोकप्रिय प्लेटफर्महरू समेटिएका छन्। उनले सरकारले यस्तो निर्णय अभिभावकलाई अनलाइन जोखिमसँग एक्लै जुध्न नपरोस् भन्ने उद्देश्यले लिएको बताए।

सरकारले नयाँ व्यवस्था मार्च २८, २०२६ देखि चरणबद्ध रूपमा कार्यान्वयनमा ल्याउने जनाएको छ। मन्त्री हफिदका अनुसार सबै डिजिटल प्लेटफर्महरूले आवश्यक मापदण्ड पूरा नगरेसम्म प्रतिबन्ध विस्तार हुँदै जानेछ।

यस विषयमा टिकटक इन्डोनेसिया र गुगल



इन्डोनेशियासँग प्रतिक्रिया मागिएको भए पनि तत्काल कुनै प्रतिक्रिया प्राप्त भएको छैन।

इन्डोनेसियाको यो पहल विश्वका अन्य देशहरूमा भइरहेका यस्तै प्रयाससँग पनि जोडिएको देखिन्छ। गत डिसेम्बरमा अस्ट्रेलियाले टिकटक, युट्युब, स्न्यापच्याटलगायतका सामाजिक सञ्जाललाई १६ वर्षमुनिका बालबालिकाका खाताहरू हटाउनुपर्ने व्यवस्था गरेको थियो। यस्तै कदमबारे युरोपेली सङ्घ (इयु) मा पनि छलफल शुरु भएको छ।

ब्रसेल्सले अस्ट्रेलियाको प्रतिबन्ध कति प्रभावकारी हुन्छ भन्ने विषयलाई नजिकबाट नियालिरहेको छ। यसबीच उक्त निर्णयविरुद्ध कानूनी चुनौतिहरू पनि दर्ता भइसकेका छन्। फ्रान्स, डेनमार्क, ग्रिस र स्पेनले पनि इयुको स्तरमै यस्तै नीति लागू गर्न दबाब दिइरहेका छन् भने भारतले पनि किशोर प्रयोगकर्तामाथि सामाजिक सञ्जाल प्रतिबन्ध लगाउने सम्भावना अध्ययन गरिरहेको छ।

मन्त्री हफिदले नयाँ नियमनले शुरुवाती चरणमा प्रयोगकर्तालाई केही असुविधा हुन सक्ने स्वीकार गरे। तर डिजिटल वातावरणमा बढ्दो जोखिमलाई ध्यानमा राख्दा यस्तो कदम आवश्यक रहेको उनको भनाइ छ।

हामीलाई थाहा छ, यसले शुरुमा केही असुविधा ल्याउन सक्छ- उनले भने- तर डिजिटल आपतकालको अवस्थाबीच सरकारले चाल्नुपर्ने उचित कदम यही हो भन्ने हाम्रो विश्वास छ। उनका अनुसार यो नीति बालबालिकाको भविष्य सुरक्षित गर्न र प्रविधिको प्रयोगलाई अझ मानवीय बनाउनका लागि ल्याइएको हो।

हामी हाम्रा बालबालिकाको भविष्यको सार्वभौमसत्ता जोगाउन चाहन्छौँ- उनले थपे- हामी प्रविधिलाई मानिसलाई सहयोग गर्ने माध्यमका रूपमा देख्न चाहन्छौँ, बालबालिकाको बाल्यकाल गुमाउने माध्यमका रूपमा होइन ।

# राज-डीकेको फिल्ममा सुपरहिरो बन्दै सलमान !



भारतीय वेब सिरिज 'द फ्यामिली म्यान'का निर्देशकद्वय राज-डीके र अभिनेता सलमान खानबीच आगामी फिल्ममा सहकार्य हुन सक्ने संकेत देखिएको छ।

केही समययता उनीहरूले फिल्मको विषयमा निरन्तर छलफल गरिरहेका छन्। भारतीय सञ्चारमाध्यम इण्डिया टाइम्सका अनुसार यो फिल्म सन् २००८ को चर्चित अमेरिकी सुपरहिरो फिल्म 'ह्यान्कक'बाट प्रेरित हुनेछ।

यस फिल्ममा सलमानले एक अनिच्छुक र अवकाश लिन खोजिरहेको सुपरहिरोको भूमिका निभाउने जनाइएको छ। कथामा उनको पात्र आफ्नो जिम्मेवारीबाट टाढा जान खोज्छ, तर परिस्थिति र जिम्मेवारीले उसलाई पुनः मैदानमा फर्किन बाध्य बनाउँछ। राज-डीकेले हास्य र भावनात्मक तत्व मिसाएर फिल्म बनाउने तयारी गरेको बताइएको छ।

इन्डिया टाइम्सको रिपोर्टमा उल्लेख भएअनुसार सलमानले फिल्मको कथावस्तु मन पराएका छन्।

तर, उनले अन्तिम निर्णय पूर्ण स्क्रिप्ट सुनेपछि मात्र गर्ने जनाइएको छ। उनले फिल्मको बजेट पनि सन्तुलित चाहेका छन्। उनी तत्काल कुनै महँगो प्रोजेक्टमा काम गर्ने मनस्थितिमा छैनन्। यसैले उनले निर्माताहरूलाई कथा र बजेट दुवैलाई सही ढंगले बनाउन आग्रह गरेका छन्।

यतिबेला निर्देशकद्वय राज-डीकेले फिल्मको कथालाई सलमानको व्यक्तित्वअनुसार ढाल्ने प्रयास गरिरहेका छन्। उनीहरूले आगामी अप्रिलमा फिल्मको औपचारिक न्यारेसनसहित सलमानलाई बजेटबारे जानकारी गराउन सक्ने बताइएको छ। सबै कुरा योजना अनुसार अगाडि बढेको खण्डमा आगामी नोभेम्बर २०२६ मा फिल्मको छायांकन सुरू हुन सक्नेछ।

# उडान ट्याक्सीतर्फ चीनको अर्को कदम

**काठमाडौं, फागुन २२।** चीनमा विकास भइरहेको ठूलो विद्युतीय विमान 'म्याट्रिक्स' ले भविष्यमा उडान ट्याक्सी सेवा कस्तो देखिन सक्छ भन्ने सङ्केत दिएको छ।

दक्षिणपूर्वी चिनियाँ शहर कुन्सानमा परीक्षण भइरहेको यो १० यात्रु क्षमताको विद्युतीय विमानलाई चीनमा हालसम्म निर्माण गरिएको सबैभन्दा ठूलो सिधै माथि उड्न र सिधै अवतरण गर्न सक्ने (इभिटिओएल) विद्युतीय विमान मानिन्छ।

साङ्घाई बन्दरगाहबाट करिब ६० किलोमिटर पश्चिममा रहेको कुन्सानस्थित एक ह्याङ्गरमा हालै यस विमानको प्रदर्शन गरिएको थियो। विशाल ड्रोनजस्तै देखिने 'म्याट्रिक्स' करिब पाँच टन तौलको इभिटिओएल विमान हो, जसले भविष्यमा सहरभित्रको हवाई ट्याक्सी सेवाको सम्भावनालाई सङ्केत गरेको छ।

सन् २०१७ मा स्थापना भएको चिनियाँ कम्पनी अटोफ्लाइटले यो विमान विकास गरेको हो। कम्पनीका अनुसार म्याट्रिक्सले एकपटकमा १० जनासम्म यात्रु बोक्न सक्छ। यसको पखेटाको फैलावट करिब २० मिटर (लगभग ६६ फिट) छ भने विमानको लम्बाइ १७.१ मिटर र उचाइ ३.३ मिटर रहेको छ। पूर्ण रूपमा चार्ज गरिएको अवस्थामा यसले करिब एक घन्टासम्म उडान भर्न सक्ने क्षमता राख्छ।

अटोफ्लाइटले एसोसिएटेड प्रेसका लागि आफ्नो कम उचाइ उडान परीक्षण केन्द्रमा यसको प्रत्यक्ष उडान प्रदर्शन पनि गराएको थियो। चिसो दिनमा गरिएको उक्त प्रदर्शनमा कर्मचारीहरूले म्याट्रिक्सलाई ह्याङ्गरबाट हेलिप्याडमा सारेपछि उडानका लागि तयारी गरिएको थियो।

प्रोपेलरहरू शुरु गरिएपछि केही मिनेटसम्म प्रणालीको जाँच गरियो। सबै उपकरण ठीक रहेको पुष्टि भएपछि विमान विस्तारै आकाशतर्फ उड्न थाल्यो। यसको आवाज सुनिन्थ्यो तर सामान्य हेलिकप्टरको तुलनामा कम थियो। करिब १० मिनेटसम्म उडान भरेपछि र हेलिपोर्ट वरिपरि दुई चक्कर लगाएपछि म्याट्रिक्स सहज रूपमा फर्किएर सुरक्षित अवतरण गरेको थियो।

यद्यपि यस्तो प्रविधि व्यापक रूपमा प्रयोगमा आउन अझै केही समय लाग्ने देखिन्छ। अटोफ्लाइटका वरिष्ठ उपाध्यक्ष स्टिभन याङका अनुसार उडान ट्याक्सी वास्तविक सेवाका रूपमा कहिले सञ्चालनमा आउला भन्ने प्रश्नको स्पष्ट उत्तर दिन अहिले कठिन छ।

उनले कम्पनीसँग पहिले नै दुई टन क्षमताको यात्रुवाहक इभिटिओएल विमान तयार भइसकेको तर आवश्यक प्रमाणीकरण प्रक्रियाको प्रतीक्षामा रहेको जानकारी दिए।

अटोफ्लाइटले सन् २०२७ सम्म नियामक निकायबाट 'टाइप प्रमाणपत्र' प्राप्त गर्ने अपेक्षा गरेको उनले बताए। यस्तो प्रमाणपत्रले विमानको डिजाइनले सुरक्षा मापदण्ड पूरा गरेको पुष्टि गर्छ। तर यात्रु बोकेर सञ्चालन गर्न 'अपरेटर प्रमाणपत्र' लगायत अन्य स्वीकृतिहरू पनि आवश्यक पर्नेछन्।

हाल म्याट्रिक्स अझै प्रोटोटाइपकै चरणमा रहेको छ। चीनका अन्य केही कम्पनीहरूले पनि इभिटिओएल विमान विकास गरिरहेका छन्। गुआङ्गडोङ प्रान्तमा आधारित एहाङ कम्पनीले विकास गरेको विमानलाई व्यावसायिक यात्रु सेवा सञ्चालनका लागि अधिकारीहरूले प्रमाणीकरण प्रदान गरिसकेका छन्, तर व्यावहारिक सेवा अझै सुरु भएको छैन।

# नाबालिगका लागि पोर्न साइट बन्द

**काठमाडौं, फागुन २२।** अस्ट्रेलियाले बालबालिकालाई अनलाइन अश्लील सामग्रीबाट जोगाउन कडा कदम चाल्दै १८ वर्षभन्दा कम उमेरका प्रयोगकर्तालाई पोर्न वेबसाइट पहुँच बन्द गर्न बाध्य पार्ने नयाँ नियम सोमबारदेखि लागू गर्ने जनाएको छ।

अस्ट्रेलियाको अनलाइन सुरक्षा नियामकका अनुसार नयाँ व्यवस्था अन्तर्गत पोर्न वेबसाइटहरूमा पहुँच गर्नुअघि प्रयोगकर्ताले आफ्नो उमेर प्रमाणित गर्नुपर्नेछ। अब 'म १८ वर्षभन्दा माथिको हुँ' भन्ने बटन मात्र क्लिक गर्नु पर्याप्त नहुने स्पष्ट गरिएको छ।

नियम लागू हुनुअघि नै केही अस्ट्रेलियाली वेबसाइटहरूले गैर-सदस्य प्रयोगकर्तालाई पहुँच बन्द गर्न थालेका छन् भने कतिपयले नयाँ दर्ता नै स्वीकार गर्न छोडेका छन्। यी साइटहरूले कम उमेरका प्रयोगकर्तालाई रोक्न उमेर प्रमाणीकरण प्रविधि प्रयोग गर्नुपर्नेछ। नयाँ व्यवस्था अस्ट्रेलियाले यसअघि लागू गरेको अनलाइन बाल सुरक्षा नीतिको विस्तार हो। सरकारले गत डिसेम्बर १० देखि १६ वर्षभन्दा कम उमेरका बालबालिकालाई सामाजिक सञ्जाल प्लेटफर्ममा सहभागी हुन प्रतिबन्ध लगाएको थियो।

अनलाइन सुरक्षा आयुक्त जुली इनम्यान ग्रान्टका अनुसार यो कदम बालबालिकालाई पोर्नोग्राफी, अत्यधिक हिंसात्मक सामग्री, आत्महत्या सम्बन्धी सामग्री र खानपान विकारसँग जोडिएका हानिकारक सामग्रीबाट जोगाउनका लागि लिइएको हो।

नियम पोर्न वेबसाइटमा मात्र सीमित छैन। खोज इन्जिन, एप स्टोर, अनलाइन गेमिङ सेवा तथा च्याटबटसहितका जेनेरेटिभ कृत्रिम बौद्धिकता प्रणालीहरूलाई पनि उमेर नियन्त्रणसम्बन्धी मापदण्ड पालना गर्नुपर्नेछ।

इनम्यान ग्रान्टका अनुसार कम्पनीहरूले नियम उल्लङ्घन गरेमा प्रति उल्लङ्घन चार करोड ९५ लाख अस्ट्रेलियाली डलर (करिब तीन करोड ५० लाख अमेरिकी डलर) सम्म जरिवाना हुन सक्छ।

उनले समाजले लामो समयदेखि बालबालिकालाई जोखिमपूर्ण स्थानबाट जोगाउन उमेर सीमा आवश्यक मान्दै आएको उल्लेख गरे। हामी बच्चाहरूलाई बार, मदिरा पसल, वयस्क पसल वा क्यासिनोमा प्रवेश गर्न दिँदैनौँ। तर उनीहरूले धेरै समय बिताउने अनलाइन संसारमा त्यस्तो सुरक्षा निकै कमजोर छ- उनले भने।

नयाँ नियम लागू भएपछि प्राविधिक कम्पनीहरूले आफ्ना सेवामा समान मापदण्ड लागू गर्नुपर्नेछ, ताकि बालबालिका गल्तीले पनि हानिकारक सामग्रीमा नपरोस्।

यसअन्तर्गत यौन स्पष्ट, हिंसात्मक वा आत्म-हानि सामग्री उत्पादन गर्न सक्ने एआई च्याटबटहरूले प्रयोगकर्ताको उमेर पुष्टि गर्नुपर्नेछ। एप स्टोर र अनलाइन गेमिङ साइटहरूले पनि १८ वर्षभन्दा कम उमेरका प्रयोगकर्तालाई वयस्क सामग्रीबाट रोक्नुपर्नेछ।

खोज इन्जिन प्रयोग गर्दा पनि परिवर्तन देखिनेछ। उदाहरणका लागि प्रयोगकर्ता आफ्नो खातामा लग-इन नगरी खोजी गर्दा पोर्नोग्राफी वा अत्यधिक हिंसात्मक सामग्री भएका नतिजा पूर्वनिर्धारित रूपमा अस्पष्ट पारिनेछन्।

आत्महत्या वा खानपान विकारसँग सम्बन्धित खोजी गर्दा भने पहिलो नतिजामा मानसिक स्वास्थ्य सहायता सेवासम्बन्धी जानकारी देखाइने व्यवस्था गरिनेछ। नियामक निकायले नयाँ नियमको कार्यान्वयन निरन्तर अनुगमन गरिने र व्यापक रूपमा पालना नगर्ने कम्पनीबिरुद्ध कानूनी कारबाही गरिने जनाएको छ।

इनम्यान ग्रान्टका अनुसार कुनै पनि नियमले सबै जोखिम तुरुन्त हटाउन नसके पनि यी उपायहरूले डिजिटल वातावरणमा बालबालिकाका लागि महत्वपूर्ण सुरक्षा सिर्जना गर्ने विश्वास गरिएको छ। साथै सरकारको 'डिजिटल हेरचाह दायित्व' कार्यान्वयन गर्ने प्रतिबद्धताले भविष्यमा अनलाइन सुरक्षालाई अझ बलियो बनाउने अपेक्षा गरिएको छ।

## एमाले ...

धनुषा-१मा रामचन्द्र मण्डल, सिन्धुली-१मा प्रदीपकुमार कटुवाल, लम्जुङ-१मा पृथ्वीसुब्बा गुरुङ, बाँके-२मा मोहम्मद इश्तियाक राई, दैलेख-२मा लक्ष्मीप्रसाद पोखरेल, अछाम-२मा यज्ञबहादुर बोगटी, डोटी-१मा दीपककुमार धामी र कैलाली-२मा सूर्यबहादुर थापा प्रारम्भिक मतगणनामा अग्रस्थानमा रहेका छन्।

## शीर्ष ...

डा. सुनिल शर्मा, मोरङ ४मा पूर्वमन्त्रीसमेत रहेका नेकपाका नेता अमनलाल मोदी, मोरङ ५ मा नेकपाकै पूर्वमन्त्रीसमेत रहेका शिवकुमार मण्डलदेखि यसअघि स्वतन्त्र रूपमा बिजयी भएका योगी मण्डललाई पनि रास्वपाका उम्मेदवारले निक्कै पछि पारेका छन्।

रास्वपाबाट मोरङ-२मा कृष्ण कार्की, ३मा गणेश कार्की, ४मा सन्तोष राजवंशी र ५मा आशा झा उम्मेदवार बनेका छन्। त्यस्तै, मोरङ ६बाट कांग्रेसका डा. शेखर कोइरालालाई रास्वपाकी रुबिना आचार्यले हायलकायल बनाएकी छिन्।

उता, सुनसरी १मा देशभरि नै चर्चामा रहेका धरानका पूर्व प्रमुख हर्क साम्पाङलाई रास्वपाकी सरिन तामाङले पछि पारेकी छिन्। सुनसरी ३मा सँधै चर्चामा रहने कांग्रेसका नेता विजयकुमार गच्छदार र एमालेकी भगवती चौधरीलाई रास्वपाका अशोक चौधरीले निक्कै पछि पारेका छन्। यस्तै सुनसरी २मा कांग्रेसका राजीव कोइरालालाई पछि पार्दै रास्वपाका लालविक्रम थापा अग्रस्थानमा छन्।

उता, श्रम संस्कृति पार्टीले पनि अप्रत्याशित ढङ्गले इलामको २ नम्बरमा एमालेका युवा नेता सुहाङ नेम्वाङलाई पछि पारेका छन्। त्यस्तै भोजपुरमा एमाले सचिव समेत रहेका शेरधन राई तथा नेकपाका अजम्बर राई काङमाङलाई श्रम संस्कृति पार्टीका ध्रुवराज राईले प्रारम्भिक मतगणनामा पछि पारेका छन्। त्यस्तै एमालेको लालकिल्ला भनेर चिनिएको धनकुटामा पूर्वमन्त्री समेत रहेका एमालेका नेता राजेन्द्र राईलाई श्रम संस्कृति पार्टीका सानबहादुर राईले पछि पारेका छन्।

प्रारम्भमा नै मतान्तर बढाउँदै उदाएको रास्वपाले झापामा मात्र होइन देशभर पुराना र दलका शीर्ष नेतालाई हायलकायल बनाएका छन्।

## मतगणनास्थलमै ...

मतगणना प्रक्रियामा सहभागी हुन पुगेका रेग्मीको अचानक निधन भएपछि त्यहाँ उपस्थित राजनीतिक दलका प्रतिनिधि तथा सुरक्षाकर्मीहरू स्तब्ध बनेका छन्। रेग्मी रास्वपा मोरङका सक्रिय जिल्ला सदस्यका रूपमा पार्टीका विभिन्न गतिविधिमा संलग्न रहँदै आएका थिए।

## रास्वपाबाट ...

पार्टी यसै वर्ष रास्वपामा गाभिएको हो। साझा विवेकशील पार्टीको महासचिव पदमा रहेकी न्यौपाने रास्वपाको केन्द्रीय सदस्य छिन्। शुरुमा समानुपातिक सूचीमा राखेको रास्वपाले पछि उनलाई प्रत्यक्ष निर्वाचन प्रणाली अन्तर्गत उम्मेदवार बनायो।

केही दिनअघि आमा बनेकी न्यौपाने गर्भवती अवस्थामा चुनावी प्रचारप्रसारमा खटिँदा धेरैको ध्यान तानिएको थियो। राष्ट्रिय स्वतन्त्र पार्टीले प्रत्यक्षतर्फ कूल १६५ क्षेत्रमध्ये १६४ क्षेत्रमा उम्मेदवारी दिएकामा धनुषा क्षेत्र १मा उसका उम्मेदवारको उम्मेदवारी खारेज भएको छ।

आमनिर्वाचनको जारी मतगणनामा रास्वपाले अग्रता कायम गरिरहेका बेला न्यौपाने बिजयी घोषित भएकी हुन्। मतगणना जारी रहँदा काठमाडौं जिल्लाका बाँकी नौवटा निर्वाचन क्षेत्रमा पनि रास्वपा अगाडि देखिएको छ।

त्यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीले काठमाडौं क्षेत्र नम्बर-२मा तोसिमा कार्की र काठमाडौं-८मा विराजभक्त श्रेष्ठ निर्वाचित भएका छन्।

यो समाचार तयार गर्दासम्म अन्य क्षेत्रमा जारी मतगणनाको तथ्यांक अनुसार देशैभर राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवारहरुको अग्रता रहेको छ। रास्वपाका ११० उम्मेदवार अग्रस्थानमा रहेका छन्।

**शिशिर खनाल बिजयी**

काठमाडौं क्षेत्र नम्बर ६मा रास्वपा उम्मेदवार शिशिर खनाल बिजयी भएका छन्। उनी निर्वाचित भएको औपचारिक घोषणा हुन भने बाँकी छ।

खनाल २७ हजार ७११ मतसहित प्रतिनिधिसभामा निर्वाचित भएका हुन्। नेपाली कांग्रेसका कृष्ण बानियाँ क्षेत्रीले ६ हजार ६४७ मत पाएका छन्। नेकपा एमालेका उम्मेदवार अमनकुमार मास्केले ४ हजार ३७३ मत पाउँदा राप्रपाका उद्धवराज भेटुवालले २९० मत पाएका छन्। नेपाली कम्युनिस्ट पार्टीका हेमलाल शर्मा (हिमाल) २३१ मतमा सीमित भएका छन्।

## रास्वपा ...

अध्यक्ष केपी शर्मा ओलीलाई ठूलो मतान्तरले पछि पार्दै गएका छन्।

तनहुँ १मा स्वर्णिम वाग्ले पनि बलियो देखिएका छन्। काठमाडौंका सबैजसो क्षेत्रहरूमा रास्वपाका उम्मेदवारहरू अगाडि छन्। रञ्जु दर्शना काठमाडौं-१मा विजयी भइसकेकी छन्।

यसैबीच झापा र मोरङका सबै प्रतिनिधि सभा निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवारहरू अग्रस्थानमा देखिएका छन्।

झापा-१मा निशा डाँगी, झापा-२मा इन्दिरा रानामगर, झापा-३मा प्रकाश पाठक, झापा-४मा शम्भुप्रसाद ढकाल र झापा-५ मा बालेन्द्र शाह (बालेन) ले अग्रता कायम गरेका छन्।

त्यसैगरी मोरङ-१मा यज्ञमणि न्यौपाने, मोरङ-२मा कृष्णकुमार कार्की, मोरङ-३ मा गणेश कार्की, मोरङ-४मा सन्तोष राजवंशी, मोरङ-५मा आशा झा र मोरङ-६मा रुविना आचार्यले पनि अग्रता लिएका छन्।


## बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

**वरिष्ठ रेडियोलोजिष्ट डा. संजयकुमार गुप्ताद्वारा**

**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा




**हाम्रा सेवाहरु**

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan

सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६



## शिक्षा सम्बन्धी संवैधानिक हक

- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत शिक्षा पहुँच हुनेछ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुःल्क पाउने हक हुनेछ।
- अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ।
- ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।
- प्रत्येक समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

**शिक्षासम्बन्धी हकको उपयोग गरौं।**
**निःशुल्क, अनिवार्य, समान पहुँचयुक्त र समावेशी शिक्षा सुनिश्चित गरौं।**

**नेपाल सरकार विज्ञापन बोर्ड**



## पार्ट टाइम जब

**यस पूर्वाञ्चल दैनिक पत्रिका वितरण गर्न आफ्नै साइकल भएका स्थानीय इच्छुक महिला/पुरुषले तु-सम्पर्क गर्नुहोला।**

**क्षेत्र :** बसपार्क/बुट्टाबारी
**तलब :** ५०००।- माथि (पाँच हजार रुपैयाँ माथि।)
**समय :** बिहान ५:०० बजेदेखि ७:०० बजेसम्म।

**सम्पर्क : ९८०७९१०२२२, ९८०६०३३१५३**



Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

**Advance Pathology Lab**
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com




दिदीलाई मैले धेरै सताएको रहेछु। सम्झँदा पनि मन त्यसै खल्लो हुन्छ। दिदी ठूली छोरी र पहिलो सन्तान भएकीले जिम्मेवारीको बोझ त बोकेकै थिई। त्यसैले ऊ जिम्मेवारी बुझ्ने स्वभावकी थिई र छोरी मान्छेमा हुने सुशीलता पनि उनमा थियो।

दिदीपछि जन्मेको मैले धेरै माया पाएँ। जिम्मेवारी म सँग खासै थिएन। हुँदा पनि म खेल्न र उफ्रिनमै व्यस्त हुन्थेँ। म कुरा गर्दैछु विद्यार्थी जीवनको। दिदीलाई निकै दिक्क लगाउँथेँ। दिदीका अधिकारका वस्तु त के, माया पनि मैले परिवारबाट कति तानेँ, तानेँ।

एक दिनको कुरा हो। दिदी स्कूल जान तयार हुन लाग्दै थिई। म भने पहिल्यै तयार भइसकेको थिएँ। दिदीले हिजो नै फरकको खल्तीमा दुई रुपैयाँ पैसा राखेको देखेको थिएँ। दिदीले फरक लगाउनु अघि नै त्यो दुई रुपैयाँ मेरो खल्तीमा राख्न मन लाग्यो। दिदी कोठा पुग्नुअघि नै दिदीको फरकबाट पैसा निकालेर आफ्नै खल्तीमा हालेँ।

दिदी तयार हुन लागी। म परबाट छड्के आँखाले हेरिरहेको थिएँ, कतै दिदीले थाहा पाएर उखरमाउलो त गर्दिन नि ! नभन्दै दिदीले खल्तीबाट पैसा हराएको थाहा पाई। दिदीको खल्तीबाट पैसा लाने म बाहेक अरू कोही छैन भन्ने उसलाई थाहा थियो। दिदी सिँधै झम्टेर आई-

'मेरो पैसा दे, किन लगिस् ? म मम्मीलाई भन्दिन्छु !'

म पनि कमजोर कहाँ थिएँ र ! निर्धक्क भएर भनेँ-

'मैले लगेको छैन, कता राख्छेस् अनि मलाई चोर लगाउँछेस् !'

दिदीका प्रश्न नसकिँदै मैले डब्बल कुरा चर्को आवाजमा फर्काइदिएँ। कोठाभित्रको कोलाहलले घर नै उचाल्ने जस्तो भयो।

ड्याडी घरमुन्तिर गोरु जोत्दै हुनुहुन्थ्यो। घाममा गोरु जोत्दा पसिनाले लथपथ भएका बाबालाई हाम्रो कोलाहलले एक्कासी रिस उठ्यो। गोरु कुट्ने सिरकिनु बोकेर कोठातिर हाकिनुभयो। मैले बाबालाई कोठातिर आउँदै गरेको देखिहालेँ। बिरालोको फुर्तीजस्तै म झ्यालबाट फुत्त अर्को कोठातिर लागेँ र चम्पट कसेँ।

ड्याडीको रिसको सामना दिदीले गर्नुपर्‍यो। बिचरी मेरी दिदी ! सम्झँदा पनि अहिले माया लागेर आउँछ। स्याट् कि स्याट् सिरकिनुको वर्षा हुन थाल्यो, साथमा ड्याडीको गाली। म भाग्दै गरेकाले पनि दिदीले कुटाइ खाएको आवाज मेरो कानमा पुग्यो। बिचरी मेरी दिदी ! मेरो कारणले ड्याडीको कुटाइ खाई।


स्कूल पुगेर मैले दुईवटा आइसक्रीम किनेँ। दिदीलाई एउटा दिएँ। खान मानिन।

'आफैँ खा। मैले कुटाइ खाएर अघाइसकेँ !' भनी।

म बदमास भाइ, 'नखा, नखा' भन्दै आफैँ खाएँ।

अहिले मेरो कारणले दिदीले कुटाइ खाएको सम्झँदा दिदीको माया लागेर आउँछ।

दिदी आइ एम् सरी !




# अन्धविश्वास
# बाल कथा संग्रह पल्टाउँदा



**जेबी खत्री**

२०१५ साल चैत १० विराटनगर- १० ब्रह्म्माकुमारी मार्ग, मोरङमा जन्मेका सर्जक भवानीप्रसाद पोखरेल मूलतः कथाकार, समीक्षक तथा कवि हुन्। एमए, एमएड इतिहास, पीयू शैक्षिक योग्यता भएका पोखरेल पेशाले उनी एक बेलाका सरकारी जागिरे हुन्। उनी शाखा अधिकृत पदबाट अवकाश लिइसकेका पूर्व कर्मचारी हुन्। विभिन्न पत्रपत्रिकाहरूको सम्पादन समेत गरेका पोखरेलका दोषी को ? कथा सङ्ग्रह २०५४, लोड सेडिङ कविता सङ्ग्रह २०७३, स्वर्गद्वारी कविता सङ्ग्रह २०७५, सपना कथा सङ्ग्रह २०७६, होमियो प्याथिक-एक झलक २०७७, हिमाल कविता सङ्ग्रह २०७८, साहित्यका फूलहरू समीक्षा सङ्ग्रह २०७९, साहित्यका ताराहरू समीक्षा सङ्ग्रह २०८०, भवानी पोखरेलका कथा र अनुभूति २०८१, प्रयूसी बाल कविता सङ्ग्रह २०८२ र अन्धविश्वास बाल कथा सङ्ग्रह २०८२ जस्ता ११ वटा कृतिहरू प्रकाशित भइसकेका छन्।

विभिन्न पत्रपत्रिकाहरूमा प्रशस्त फुटकर रचनाहरू प्रकाशित गर्दै आइरहेका पोखरेल थुप्रै साहित्यिक तथा सामाजिक संघ-सस्थाहरूमा पनि आवद्ध रहेका छन्। उनले विभिन्न पुरस्कार तथा मान-सम्मान र प्रशंसाहरू पनि पाइसकेका छन्। ६५ भित्री पृष्ठमा फैलिएको उक्त भवानीप्रसाद पोखरेलकृत अन्धविश्वास बाल कथा सङ्ग्रहमा जम्मा २१ कथाहरू सङ्ग्रहित रहेका छन्। घरमा खुशियाली छायो, धन्यवाद दिए, बिरालो अर्कै गाउँमा पुऱ्याए, रमण मख्ख परे, परदेशिएका घर आए, बर्जुतालको खैरो हाँस, पेशा नै छाडिदियो, गाड्धन भेट्यो, ज्ञानी विद्यार्थी, कथा मन पराउँथिन्, नर्मदाको अठोट, बाबुआमा खुशी भए, कक्षामा प्रथम भए, अग्ला मान्छेसित भेट, पाँच सय पुरस्कार दिए, तिमी पानी देउ, म अन्न दिन्छु, दुलिया र भुलिया, नरेन्द्र अब सप्रियो, अन्धविश्वास, बाल विवाह रोके र अस्पलात पुऱ्याए यी उक्त कथा सङ्ग्रहमा सङ्ग्रहित कथाका शीर्षकहरू हुन्।

भवानीप्रसाद पोखरेलकृत यस अन्धविश्वास बाल कथा सङ्ग्रहको विश्लेषण गर्नुपूर्व यस कृतिको पाण्डुलिपि पढी आफ्नो विचार दिने क्रममा दुई लेखक तथा कवि, स्रष्टा विवश पोखरेल र मधु पोखरेलको भूमिका र प्रकाशकीय लेख रहेका छन् भने लेखक स्वयम्को पनि मन्तव्य लेख रहेको छ। उक्त कृतिको विश्लेषण तथा समीक्षा गर्नुपूर्व तिनका ती विचारहरूलाई पनि संक्षिप्त रूपमा भए पनि यहाँ उल्लेख गर्नु सुनमा सुगन्ध नै हुने ठानी तिनलाई संक्षिप्त रूपमा भए पनि प्रस्तुत गरिएको छ। अन्धविश्वासभित्र कथाकार भवानी पोखरेल शीर्षकीय लेखमा कवि विवश पोखरेल लेख्छन्- विशेषतः बाल मानेविज्ञान, बाल शुलभता, बाल चञ्चलता आदि विषयभित्र रहेर उनले यो कृति सिर्जना गरेका छन्। जसभित्र हाम्रै भोगाइका विविध दृश्य प्रतिविम्बित छन्। जहाँ हाम्रो घर छ, परिवार छ, समाज छ, बालबालिकाहरू छन्। उनीहरूले गरेका, भोगेका घटनाहरू छन्। कतै प्रकृति चित्रणका रूपमा, कतै चेतना र सन्देशका रूपमा लेखिएको एक्काइस कथाहरू यस सङ्ग्रहमा समावेश छन्।

त्यस्तैगरस प्रकाशकीय शीर्षकको लेखमा मधु पोखरेल अध्यक्ष विराट साहित्य सङ्गम विराटनगर लेख्छन् उनको सक्रियता अत्यन्त उर्वर रहेको छ। उनी धेरै कृतिहरूको समीक्षा गर्न रुचाउने स्रष्टाभित्र निकै अब्बल मानिन्छन्। त्यस्तैगरी लेखकीय मन्तव्य शीर्षकीय लेखमा लेखक, कथाकार, कवि भवानीप्रसाद पोखरेल स्वयम् लेख्छन्- नानी-बाबुहरू देशका कर्णधार, भविष्यका तारा बन्न सक्छन्। यस तथ्यलाई समेत मध्य नजर गरी यो पुस्तक तयार गरेको छु। आजका कोपिला भोलिका सुन्दर फूल हुन्। भोलिका लागि असल नागरिक तयार गर्न आजका बालबालिकाहरूलाई सही सीप, ज्ञान, उचित शिक्षा र असल मार्ग निर्देशन दिनु अभिभावकको मूल कर्तव्य हो। मैले यी बाल कथाहरू बालबालिकालाई मध्य नजर गरी लेख्ने प्रयत्न गरेको छु। मैले देखेका, सुनेका, अनुभव र अनुभूतिलाई बालकथाको रूपमा प्रस्तुत गरेको छु।

प्रकाशक विराट साहित्य सङ्गम विराटनगर, पहिलो संस्करण २०८२ माघ, प्रकाशित सङ्ख्या पाँच सयप्रति, मूल्य रू. २०५ रहेको बालकथाकार भवानीप्रसाद पोखरेलकृत उक्त अन्धविश्वास बालकथा सङ्ग्रहको आइएसबी नम्बर अङ्ग्रेजीमा ९७८-९९३७ (१-९५७४४ रहेको छ। म साहित्यकार हुँ। म साहित्य लेख्छु भनेर मात्र हुँदैन। यसो भन्नेहरू धेरै छन् र लेखि टोपल्ने पनि कम छैनन्। अझ कतिपय त म साहित्य कोर्छु। कलम चलाउँछु आदि भनेर गफ दिन्छन्। यसरी सक्दो हाँकिन्छन्। यसो दुई, चार जना भेला पारेर यसरी गफ दिएर साहित्यकार वा लेखक बन्नुमा के दम छ। अझ अहिले त चर्चा कमाउने बाटाहरू पनि धेरै छन्। एक-दुई लेख वा कृतिहरूबाट पनि मनग्य चर्चा कमाउनेहरू पनि छन्। तिनका अगि भवानीप्रसाद पोखरेललाई राखेर हेर्दा जो कोही नतमस्तक बन्छ। जसले आज विराटनगरमा बसेर पनि पुग-नपुग एक दर्जन कृतिहरू नेपाली साहित्य र समाजलाई प्रदान गरिसक्दा पनि उनको जति चर्चा हुनुपर्ने हो, त्यो कम भइरहेको छ।

कुनै पुरस्कार र सम्मानका अगिपछि नकुदी निरन्तर साहित्य सिर्जना जस्तो कर्ममा दत्तचित्त भएर लाग्ने पोखरेललाई कसरी चर्चा कमाउँ भन्ने चिन्ता छैन। कसरी निरन्तर कर्ममा लागिरहन सकिन्छ भन्ने कुराको मात्र चिन्ता छ। साहित्य कोर्दिन। बरू साहित्यकमा कलम चलाइन्छ। उहाँ पनि त्यसो भन्न रुचाउनुहुन्छ। साहित्य कोर्छु यी शब्द वा वाक्यले त साहित्यलाई हल्का बनाउँछ। उहाँ साहित्य लेख्नुलाई आफ्नो कर्म ठान्नु हुन्छ। सायद एउटा जिम्मेवार लेखकले त्यही ठान्छ। कसरी समाजलाई रुपान्तरण गर्ने, कसरी सन्देश मूलक वा चेतनामूलक कृति दिइरहन सकिन्छ ? भनेर सदैव चिन्ता लिन्छ र त्यसमा निरन्तर लागिरहन्छ। मोफसलमा बसेर भएपनि उ बेलादेखि यो बेलासम्म निरन्तर साहित्य सिर्जनामा तल्लिन कथाकार,कवि तथा समीक्षक पोखरेल एक सशक्त कथाकार, कवि तथा समीक्षक हुन्।

समाजका विकृति, विसङ्गति, विद्रुपात्मकता र अन्धविश्वास जस्ता विविध पक्षको चिरफार गर्ने पोखरेलका कृतिमा जातीय विभेद, छुवाछुत, बालविवाह, अभाव, असमानता, राजनीतिक विसङ्गति र विकृति, प्रकृति चित्रण आदिका बारेमा लेखिएका उनका सिर्जनामा मानवीयता, गरिबी, धर्म, संस्कृति, संस्कार र परम्परा, अन्धविश्वास आदिका बारेमा पनि सन्देश प्रवाह भएको पाइन्छ। शिक्षा, स्वास्थ्य, सन्देश, चेतना, ज्ञान, विज्ञान, देश, विदेश, परदेश आदि मानवीय जीवनका यावत पक्षको चित्रण गर्नु उनको विशेषता हो। अन्धविश्वास शीर्षकीय कथा जसले कृतिको नामाकरण समेत गरेको छ। उक्त कथा अन्धविश्वास बिरुद्ध बाल नारी चेतनाको विद्रोहात्मक स्वर मुखरित भएको एउटा सशक्त कथा हो। त्यस्तैगरी बाबुआमा खुशी भए शीर्षकको कथामा कथाकारले असल मान्छे सबैको प्यारो हुन्छ।

मानिस असल र हिम्मतिलो हुनुपर्छ। जो समाजको प्रेरणाको स्रोत पनि हो। काम भन्ने कुरा सानो वा ठूलो भन्ने हुँदैन। सानै काम भए पनि मेहनतका साथ गर्नुपर्छ भन्ने कुरा कथाकी मुख्य पात्र नलिनीका माध्यामबाट प्रष्ट पार्न खोजिएको छ। त्यस्तैगरी ज्ञानी विद्यार्थी शीर्षकको कथामा पनि कथाकारले बाल सन्देश तथा बाल चेतना नै प्रवाह गरेका छन्। असल व्यक्ति त्यो हो जसले कहिल्यै पनि कसैलाई नराम्रो आँखाले हेर्दैन भन्ने सन्देश दिएका छन्। गुरू-चेलाको संवादका माध्यमबाट यस कथामा गुरूले चेलाको विवेकको परीक्षा पनि लिएका छन्। त्यस्तैगरी परदेशिएका घर आए शीर्षकको कथामा कथाकारले भगवान् प्रतिको आश्था र विश्वास दर्शाउन खोजेका छन्। त्यस्तैगरी घरमा खुशियाली छायो शीर्षकको कथामा कथाकारले बुढाबुढी वा अशक्त भएका बा-आमाप्रति असल छोराछोरीले निर्वाह गर्नुपर्ने भूमिका र कर्तव्यलाई प्रष्ट्याउन खोजेका छन्।

त्यस्तैगरी अस्पताल पुऱ्याए शीर्षकको कथामा कथाकारले विद्यार्थीमा लगनशीलता, आफ्नो रीतिरिवाज, परम्परा र शैक्षिक चेतना सानैदेखि हुनुपर्छ। स्वस्थ्य चेतना, सर-सहयोग, मद्दत, उद्धार भावना जस्ता कुराको समेत उल्लेख गरेका छन्। बाल मष्तिस्कमा सानैदेखि यी र यस्ता मानवीय चेतना र सन्देश फैलाउन कथाकार सचेत छन्। त्यस्तैगरी अग्ला मान्छेसँग भेट शीर्षकको कथामा कथाकार पोखरेलले बडो रोचक र कौतुहलतापूर्ण ढङ्गले नेपालका सबैभन्दा अग्ला व्यक्ति राजन अधिकारीसँग भेट भएको कुरा उल्लेख गरेका छन्।

यसरी सरसर्ती रूपमा हेर्दा भवानीप्रसाद पोखरेलकृत उक्त अन्धविश्वास बालकथा सङ्ग्रहमा सङ्ग्रहित कथाहरूमा आफूले देखेका र अनुभूत गरेका अनि स्थानीय बालबालिकाले देखे, भोगेका र अनुभूत गरेका कुराहरूलाई बडो आकर्षक र मिहिन ढङ्गले सरल भाषाशैलीमा कौतुहलता पूर्ण पाराले आफ्नो कलात्मकता प्रस्तुत गरेका छन्। यो कथाकार भवानीप्रसाद पोखरेलको निजी विशेषता हो। पोखरेलका कथामा बाल जीवन र बाल जगत्का यावत पक्षको चित्रण गरिएको पाइन्छ।

सरल भाषाशैलीमा लेखिएका पोखरेलका कथा जस्ता सुकै बालबालिकाले सहजै बुझ्न सक्ने खालका छन्। साउँ अक्षर फुटाउन सक्ने सानासाना नानीबाबुहरूले पनि उनका कथा पढ्न सक्ने खालका छन्। साहित्य लेख्नुभन्दा पनि त्यसलाई निरन्तरता दिनु ठूलो कुरा हो। निरन्तरताको सार्मथ्य राख्न सक्ने खुबी भएका पोखरेलले नेपाली साहित्यको भण्डारलाई अझ चुल्याउन र समृद्ध तुल्याउन अरू नयाँ-नयाँ कृति लिएर आउने कुरामा कुनै सन्देह छैन।

अन्त्यमा नेपाली साहित्यको बाल साहित्य त्यसमा पनि बाल कथाकार भवानीप्रसाद पोखरेलकृत उक्त बाल कथा सङ्ग्रह अन्धविश्वास बाल कथा सङ्ग्रहमा सङ्ग्रहित २१ ओटै कथाहरूको यो सङ्गालोले बाल साहित्यकार तथा बाल लेखकका लागि अध्ययन, अनुसन्धान गर्न चाहने लेखक तथा पाठकहरू सबैलाई टेवा पुऱ्याउनेछ। यसका साथसाथै उक्त कृतिले नेपाली साहित्यको खासगरी बाल साहित्य लेखनको इतिहासमा एउटा इँटा थप्ने काम गरेको छ। नेपाली साहित्य लेखन र पठनका क्षेत्रमा पनि यो एउटा गौरवको कुरा हो।

---

कथा

# छिमेकी



**गुरुप्रसाद मैनाली**

असारको महिना थियो। दिउँसोको टन्टलापुर घामका मारे किसानहरू मेलो छोडेर चौतारामा बसेका थिए। कुलो माथि चौतारो, कुलामुनि आसामरु साहूको हिउँदे पसल, त्यसमुनि ज्यामिरे बेंसीको फाँट। निकै रमाइलो ठाउँ थियो।

किसानहरू कोही पसलमा तमाखु किनेर कक्कड भर्न लागेका थिए। धर्मानन्द पाध्ये चौतारामा बसेर गफ चुट्दै थे। गुमाने घर्ती हत्केलामा मुन्टो अड्याएर ढुङ्गामा पल्टेको थियो। धनजिते भोटे पसलका डीलमा बसेर घुम बुन्न लागेको थियो। यी सरल किसानहरूलाई धनका निमित्त तँछाड र मछाड भन्दै घचेटाघचेट गरेर अरूलाई उछिनी दगुर्न खोज्ने यो सभ्यता भनूँ या अज्ञानता भनूँ, यस भयङ्कर रोगले तिलभर पनि छोएको थिएन। केवल बखतबखतमा पानी परिदिए, खेतीकमाइबाट सरकारको तिरो, साहूको ब्याज, वर्ष दिनलाई अन्न, वस्त्र, नून, तेल पुऱ्याउन सके पुगेको थियो।

धर्मानन्द पाध्ये अलि ठटेउला किसिमका मानिस थिए, वीरसिक्का पढ्थे, गाउँको बुजुक हुँ भन्ने घमन्ड गर्थे, मानिसलाई लडाएर तमाशा हेर्ने स्वभाव थियो। एकछिनपछि गुमानेका गोरु धनजितेका बीउमा पसे। आज-भोलि रोप्नुपर्ने बीउ, धनजिते आगो भो। घुम भैंमा मिल्काएर गोरुलाई लगारी-लगारीकन चुट्न लाग्यो। किसानहरू सबै कुरा सहन सक्छन्, परन्तु वस्तुलाई अर्काले दया छोडेर कुटेको सहन सक्दैनन्। बीउबाट धपाइन्जेल त गुमाने केही बोलेको थिएन, परन्तु जब कुट्न लाग्यो अनि गुमानेको रीसको सीमा रहेन। असार महिनाको दिनभर जोत्नुपर्ने गोरु, उसमाथि पसेका मात्र थिए, उति नोक्सान गरेका केही थिएनन्।

जुरुक्क उठेर भन्यो- 'बीउ नोक्सान गरेको छ भने अर्मल ले, असारका गोरु किन कुट्छस्, ए धनजिते !' आजभोलि रोप्ने बीउको अर्मल तिर्ने कुरा सुनेर धनजितेलाई सही नसक्नुभो। पाखुरा सुर्कंदै भन्यो- 'तेरा डाम्ना छाडा गरेर असारको बीउ चराउँछस्, अझ अर्मलको धाक लगाउँछस्, गुमाने चोर !'

धर्मानन्दलाई लडाउने मौका पायो। सुर्तीको लुँडो निमोठ्दै भने- 'कस्तो मिचाहा भोटे रहेछ; बिहानभरि जोतेका भोका गोरुलाई आफैं कुट्छ, अझ उही चोर र सोर उड्कन्छ।' गुमानेका कनसिरी अघि नै तातिसकेका थिए, धर्मानन्दका कुराले झन् भुतुक्क भो। निर्धाको हात छिटो चल्छ भन्छन्- 'किन मुख छोड्छस्, ए धनजिते डाँकू !' भनेर हात मिसिहाल्यो।

धनजिते पनि चढ्दो उमेरको मानिस, बलको तुजुक, किन हट्थ्यो ? दुबै जना लठारिँदै चौतारीमुनि पुगे। तमाशा हेर्नेको ठट लाग्यो। धनजितेले गुमानेलाई लगेर कुलामा पछार्‍यो। गुमाने ढाक्रेहरूले चम्का लगाएको ढुङ्गो दुई हातले उचालेर आइलागेको थियो, धर्मानन्दले छेके।

गुमाने दौराको फेर निचोर्दै पसलका डीलमा बसेर धनजितेसित अघोरसँग बाझ्न लाग्यो- 'बाबुले धुलिखेलेको भारी चोर्‍यो र तीन दिनसम्म छिंडीमा जाकेथ्यो, ठूलो हुन्छस् !'

'काउले भन्ज्याङमा आरुघाटे नेवारको सुर्तीको ढाकर चोर्दा मानवीरे द्वारेले गोर्खेलौरी कसेर चउरमा लडाएको कसको बाबुलाई नि ? गम्कन्छस् !'

बाबुआमा, दिदीबैनी कसैको इज्जतहुर्मत बाँकी रहेन, साँझ परेपछि पनि बाझ्दै उकालो लागे। चौतारामा झगडा भएदेखि धनजिते र गुमानेको बोलचाल बन्द भो। बाटामा धनजितेलाई देख्यो भने गुमाने तर्केर हिँड्थ्यो। भदौका आधाआधीतिर गाउँमा आँठे पऱ्यो। पैले एक-दुई दिन रुगा लागे जस्तो हुन्थ्यो, त्यसपछि चौपट्टसँग भुङ्ग्रे जरो आउँथ्यो, चार-पाँच दिनपछि सन्निपातको लच्छिन देखिन्थ्यो। आठ दिनका दिन खत्तम।

गुमानेका विचारमा यो सबै देउदेउताको दोष थियो। भन्थ्यो- 'देउदेउताको मानभाउ नगरेपछि यस्तै हुन्छ। परार रगतमासीले गाँवै सोतर भो। गाउँका थानीको आजापूजा गरूँ भन्दा 'सिमेभूमे पूजेर पनि रोग हराउँछ ?' भनेर धर्मानन्दले मेरो कुरा हाँसोमा उडाए। आखिर घाटकी देवी र गाउँका भूमेको पूजा गरेका पर्सिपल्ट रोग साम्य भो।'

गुमानेले जान्ने बसायो। गाउँका सारा मानिस जम्मा भए, तर करेसो जोरिएको धनजिते आएन। जान्नेले पनि देवीको दोष देखायो। सबै जम्मा भएर धूमधामसँग पूजा गरे। पूजा गरेको पर्सिपल्ट गुमानेकी स्वास्नी लडी। बिचरी झन्नै खुस्की थी, बाँची। त्यसपछि धनजितेलाई समात्यो। तीन दिनपछि स्वास्नी चाहिँ लडी। एकातिर इन्तु न चिन्तु भएर स्वास्नी लडेकी थिई, अर्कातिर जराका तोडले धनजिते बरबराउन लागेको थियो। पानीसम्म खान दिने मानिस कोही थिएन। सारा गाउँ सोतर छ, कसले हेरचाह गरोस् ? गाई, बाख्रा कीलाका कीलै टट्टिएर मर्न लागे। फोएर पाखातिर लाइदिने मानिस कोही भएन।

पहिले त शत्रुको मुख के हेर्नु भनेर गुमानेले वास्ता राखेन। परन्तु जब स्वास्नी समेत थला परी अनि गुमानेको चित्त रहन सकेन विचार गऱ्यो- 'यस्तै दैव लाग्छ र पो छरछिमेकी खोज्नुपरेको, नत्र ओडारमा गएर बसे पनि त भो नि, जहाँ पनि बस्नै न हो। दिनदशा, आपत्विपत् कसलाई पर्दैन ? बलको तुजुक थियो, मलाई सधैँ यत्तिकै फुच्छ भनेर घमन्ड गर्थ्यो, परमेश्वरले घमन्ड तोडे। बैगुनीलाई गुनले मार्नु भन्छन्, एउटै नगरमा बढेर यो उमेर भो, दौंतर हो, यस्तो आपत्मा पनि देखेको नदेख्यै गरे पाप लाग्दैन ?'

गुमाने धनजिते कहाँ पुग्यो, गाई, बाख्रा फोएर पाखातिर लाइदियो। धनजिते मूढो लडे उत्तानो परेर लडिरहेको थियो। दिसापिसाबको होश थिएन। ओढ्ने ओछ्याउने फेरिदियो, गुमानेले एकछिन छोडेन। मिर्मिरे उज्यालो भएको थियो। गुमानेलाई खोज्दै आसामरु साहू आइपुग्यो। एकाबिहानै आसामरुलाई देखेर गुमानेले भन्यो- 'कति कामलाई उकालो लाग्यौ, साहू ?'

'पसलमा बर्खे मालटाल छैन, डुबै डिनलाई शहर जाइडिन्ठिस् कि ?'

'छिमेकमा यो बिजोक भैरहेछ, क्यै काम नपाएर जान्छु भारी खेप्न !'

'रोज रुपैयाँ डिन्छ लाता।'

'के रुपैयाँको लोभ देखाउँछौ साहू, गरीब छु, निमेकमजुरीले छाक टार्नुपर्छ तापनि पैसाको निम्ति आत्मा बेच्ने त्यति सारो नीच भएको छैन। छिमेकीलाई 'जिउँदाको जन्ती, मर्दाको मलामी' भन्छन्। यस्ता बेलामा चटक्क छोडेर भारी खेप्न हिँडे मर्दैन ? तिमी त ठमठमती छौ र रुपैयाँको धाक देखाउँला, धनजितेका झैं चार दिन अन्न न पानी भएर लड्नुपरे थाहा पाउने थियौ।'

'इस्, छिमेकी ! अस्टि चौटारामा झन्नैले मारेठ्यो, ठा पाउलास्।'

'यस्तै हो, मैले पनि सहेर बसिदिएको भए किन झगडा हुन्थ्यो ? एउटै सिरान गरेर सुतेपछि कहिलेकाहीँ गोडा लाग्छ। नाइँ झगडा भो भन्दैमा धर्म छाड्नुहुन्छ ? आफूले साँचो मनले उपकार गरेपछि उसका आत्माले पनि गर्न कर लाउँछ। अमृत रोपेको ठाउँमा विष फलेको कतै सुनेका छौ ? माटाको भर ढुङ्गो ढुङ्गाको भर माटो, संसार भरैभरमा अडेको छ। यो भरको ताँदो छिन्ने बित्तिकै सबै भताभुङ्ग हुन्छ।'

आसामरुको र गुमानेको खलबल सुनेर धनजितेले आँखा उघार्‍यो। धनजितेले हेरेको देखेर गुमानेले भन्यो- 'कस्तो छ माहिला दाइ ?'

'मो मार्छ कि कान्जा, ताँ कोइले आइस् !'

'पाँच दिन भो दाइ, तिमीहरू दुवै लोग्नेस्वास्नी लडिहाल्यौ। गाईबाख्रा भोकभोकै कराउन थाले, बिजोक हेर्न सकिनँ, दौडेर आएँ। तिम्रो जस्तो ढुङ्गाको मन म कहाँ पाऊँ !'

'पोलेको घाउमा नून ना छार् कान्जा, मो आधाम हो, क्षामा गर' धनजिते हिँडडुल गर्न लाग्यो। गुमानेलाई एकछिन छोड्दैन। वन, मेलापात जहाँ गए पनि दुवै जना सँगै जान्छन्। आजकल कसैले गुमानेको बद्खोई गरेको सुन्यो भने धनजिते झगडा गर्न अघि सर्छ।

(गुरुप्रसाद मैनालीको कथा संग्रह 'नासो'बाट)






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** स्वास्थ्यले साथ दिने छ, शरीरमा स्पूर्ति पैदा हुनेछ, अनावश्यक चिन्ता हटेर जानेछ, छोटो दुरीको यात्रा हुनाले मन खुशी रहला।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** पती, पत्नीबीच थोरै विशेष सल्लाह हुन सक्छ, दिगो फाइदा हुने काम बन्नेछ, सन्तान पक्षबाट शुख मिल्नेछ, धैर्य रहनुहोला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** तपाईको लागि आजको दिन मिश्रित फलदायी रहेको छ, परिवारजनमा खुशीको स्थिति रहला, कुरा काट्नेहरू हारेर जानेछन्।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** व्यापार-व्यवसायमा लाभदायक योग रहेको छ, अचानक धन लाभ होला, मिष्ठान्न भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** मनमा धेरै कुरा खेल्ने समय छ, कार्यसिद्धीमा भएका बाधा-अड्चन हट्ने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा विचार पुऱ्याउनुहोला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्या हटेर जानेछ, आज सन्तान पक्षबाट विशेष सहयोग प्राप्त हुनेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुनेछ, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुनसक्छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** समय सामान्य रहने छ, धार्मिक अभिरूची बढेर जानेछ, आजबाट पैतृक सम्पत्तिको वादविवाद हटेर जाने योग रहेको छ, धैर्य गर्नुहोला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोलिको भरमा विशेष काम बन्ने समय छ, बोल्दा विचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** दिन मध्यम रहेको छ, अनावश्यक खर्च घटेर जानेछ, नयाँ अवसरका बाटो खुल्नेछन्, पेट सम्बन्धी समस्याले सताउन सक्छ, खानपानमा ध्यान पुऱ्याउनुहोला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** समय शुभ फलदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** विपरीत लिङ्गिसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ।

मिति २०८२/११/ २२ शुक्रवारको
सुनचाँदी मूल्य
छापावाला
सुन प्रति तोला
रु. ३,१३,४००।-
चाँदी
प्रति तोला
रु. ५४४५।-

# प्रशिक्षण उडानमा सुखोई जेट दुर्घटना, दुई पाइलटको मृत्यु

**झापा, फागुन २२।** भारतको उत्तरपूर्वी क्षेत्रमा प्रशिक्षण उडानका क्रममा भारतीय वायु सेनाको एक लडाकू जेट दुर्घटनाग्रस्त हुँदा त्यसमा सवार दुई पाइलटको मृत्यु भएको भारतीय वायु सेनाले जनाएको छ।

वायु सेनाका अनुसार दुई सिट क्षमतायुक्त लामो दूरीको सुखोई-३० एमकेआई लडाकू विमान एयरबेसबाट नियमित प्रशिक्षण उडानका लागि उडेको थियो। केही समयपछि असम राज्यको कार्बी आङ्लोङ जिल्लामा उक्त विमान दुर्घटनाग्रस्त भएको जानकारी दिइएको छ। दुर्घटनापछि उद्धार टोली घटना स्थल पुगेको थियो, तर विमानमा रहेका



दुवै पाइलटको ज्यान जोगाउन नसकिएको वायु सेनाले जनाएको छ।

दुर्घटनाको कारण तत्काल स्पष्ट नभएको र त्यसबारे विस्तृत अनुसन्धान शुरु गरिएको अधिकारीहरूले बताएका छन्। प्रारम्भिक विवरण सङ्कलन गरिँदै गरेको र प्राविधिक पक्षसहित सम्पूर्ण अवस्थाको अध्ययन गरेर वास्तविक कारण पत्ता लगाइने बताइएको छ।

भारतीय रक्षामन्त्री राजनाथ सिंहले सामाजिक सञ्जाल मार्फत शोक व्यक्त गर्दै दुर्घटनामा ज्यान गुमाएका पाइलटप्रति गहिरो दुःख प्रकट गरेका छन्। उनले मृतक पाइलटका परिवार प्रति समवेदना व्यक्त गर्दै राष्ट्रले उनीहरूको सेवाको उच्च कदर गर्ने बताए।

सुखोई-३० एमकेआई लडाकू विमान रुसको डिजाइनमा आधारित बहुउद्देश्यीय जेट हो, जसलाई भारतको सरकारी स्वामित्वमा रहेको हिन्दुस्तान एरोनटिक्स लिमिटेडले इजाजतपत्र अन्तर्गत उत्पादन गर्दै आएको छ। भारतीय वायु सेनाले यस्ता दुई सय ६० भन्दा बढी विमान सञ्चालन गरिरहेको बताइन्छ।

यसअघि पनि भारतले पछिल्ला वर्षहरूमा यस्ता जेट सम्बन्धी दुर्घटनाहरू भोगेको छ। सन् २०२४ को जुन र सन् २०२३ को जनवरीमा समेत सुखोई जेट दुर्घटनामा परेका घटनाहरू सार्वजनिक भएका थिए, जसले वायु सेनाभित्र सुरक्षा र प्राविधिक जाँचको विषयमा थप ध्यान दिनुपर्ने आवश्यकता औंल्याएको छ।



**जस्ताको छानो लगाउँदै स्थानीयबासी :** भोजपुरको पौवादुङमा गाउँपालिकाको फुसको छानो हटाउने कार्यक्रम अन्तर्गत जस्तापाता पाएका स्थानीयबासी घरमा छानो लगाउँदै। वर्षात् भएको समयमा चुहिने समस्या न्यूनीकरणसँगै हिउँदमा आगलागीका कारण हुनसक्ने क्षतिको जोखिमलाई घटाउन गाउँपालिकाले फुसको छानो हटाउने अभियान सञ्चालन गरेको हो। *तस्वीरः रासस*

# रुसी तेल भारतलाई बेच्न अमेरिकाको अस्थायी अनुमति



**झापा, फागुन २२।** अमेरिकाले रुस माथि लगाइएका आर्थिक प्रतिबन्धबीच विश्व ऊर्जा बजारमा सम्भावित अवरोध कम गर्ने उद्देश्यले समुद्रमा अड्किएको रुसी तेल भारतलाई बिक्री गर्न अस्थायी अनुमति दिएको छ।

अमेरिकी सरकारले उक्त निर्णय सार्वजनिक गर्दै सीमित समयका लागि प्रतिबन्धमा आंशिक छुट दिएको जनाएको छ। अमेरिकी अर्थ मन्त्रालय अन्तर्गतको विदेशी सम्पत्ति नियन्त्रण कार्यालय (ओएफएसी)ले जारी गरेको विशेष इजाजतपत्र मार्फत मार्च ५, २०२६ सम्म जहाजमा लोड गरिएको रुसी सङ्को कच्चा तेल तथा पेट्रोलियम उत्पादन भारतमा पुऱ्याउने र बिक्री गर्ने कारोबारलाई अनुमति दिइएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार यस्तो तेलसँग सम्बन्धित लेनदेन अप्रिल ३, २०२६ को दिनको अन्त्यसम्मका लागि वैध रहनेछ। अर्थमन्त्री स्कट बेसेन्टले विश्व बजारमा तेलको आपूर्ति निरन्तर रहोस् भन्ने उद्देश्यले यो अस्थायी छुट जारी गरिएको स्पष्ट पारे। उनका अनुसार यस निर्णयले रुसी सरकारलाई उल्लेखनीय आर्थिक लाभ पुग्ने सम्भावना छैन, किनकि अनुमति समुद्रमा पहिले नै अड्किएको तेलसँग सम्बन्धित सीमित कारोबारमा मात्र लागू हुनेछ।

बेसेन्टले सामाजिक सञ्जाल एक्समा लेख्दै यस्तो अस्थायी कदमले ऊर्जा बजारमा देखिएको दबाब केही हदसम्म कम गर्ने विश्वास व्यक्त गरे। उनले भारतलाई गरिने बिक्रीले 'इरानले विश्व ऊर्जा आपूर्तिलाई दबाबमा पार्ने प्रयासबाट सिर्जित तनावलाई कम गर्न सहयोग पुग्ने' उल्लेख गरे। भारतले अमेरिकासँग भएको व्यापारिक सहमतिको एक हिस्साका रूपमा रुसी तेल खरिद क्रमशः बन्द गर्ने प्रतिबद्धता व्यक्त गरिसकेको भए पनि समुद्रमा अड्किएको तेलको व्यवस्थापनका लागि यो अस्थायी अनुमति दिइएको जनाइएको छ।

यसअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गत नोभेम्बरमा रुसका प्रमुख तेल कम्पनी लुकोइल र रोजनेफ्ट माथि कडा प्रतिबन्ध घोषणा गरेका थिए। युक्रेन माथि रुसले गरेको आक्रमणको सन्दर्भमा ट्रम्प प्रशासनले रुस माथि चालेका कदम मध्ये ती प्रतिबन्धलाई सबैभन्दा कडा कदमका रूपमा हेरिएको थियो। ती प्रतिबन्ध लागू भएपछि रुसी तेलका प्रमुख खरिदकर्ताहरूले वैकल्पिक आपूर्तिकर्ता खोज्ने प्रयास तीव्र बनाएका थिए।

ऊर्जा बजारमा अनिश्चितता बढेपछि विभिन्न देशहरूले वैकल्पिक आपूर्ति मार्ग र स्रोतको खोजी गरिरहेका छन्। यसैबीच, सन् २०२२ मा मस्कोले युक्रेन माथि आक्रमण गरेपछि वासिङ्टन, युरोपेली सङ्घ (इयु) र जी-७ समूहका देशहरूले रुसमाथि व्यापक प्रतिबन्ध लगाएका थिए। ती प्रतिबन्धबाट बच्न रुसले अपारदर्शी स्वामित्व भएका पुराना तेल ट्याङ्करहरूको ठूलो बेडा सञ्चालनमा ल्याएको अन्तर्राष्ट्रिय विश्लेषकहरूले बताउँदै आएका छन्।

# हात्तीको आक्रमणमा एक जनाको मृत्यु

**मोरङ, फागुन २२।** बेलबारी नगरपालिका-१० स्थित सिर्जना सामुदायिक वन क्षेत्रमा जङ्गली हात्तीको आक्रमणबाट एकजनाको मृत्यु भएको छ।

बेलबारीस्थित इलाका प्रहरी कार्यालय प्रमुख राजिव गिरीका अनुसार बेलबारी नगरपालिका- ११ धार्मिक चोक निवासी ४५ वर्षीय विष्णु तामाङको हात्तीको आक्रमणमा ज्यान गएको हो।

घाँसदाउरा लिएर जङ्गलबाट फर्कने क्रममा तामाङलाई हात्तीले आक्रमण गरेको हो। घटनापछि आफन्त साथै स्थानीयले खोजी गर्ने क्रममा बेलबारी नगरपालिका-१० स्थित पूर्व-पश्चिम राजमार्गबाट करिब दुई किलोमिटरभित्र पर्ने सिर्जना सामुदायिक वन क्षेत्रमा तामाङको शव फेला परेको प्रहरी प्रमुख गिरीले बताए।


सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्

यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।

बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३



वैदेशिक रोजगार

के तपाई विदेश जान चाहनुहुन्छ ? यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने **खगोल ओभरसिजलाई** सम्झनुहोस्। **यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ।**

सम्पर्कः ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०२
बिर्तामोड, झापा



UNited International Group
UAE मा रोजगारीको अवसर
७ दिनमा भिषा आउने
कम्पनीः युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com



अब बिर्तामोडमा
डा. पितामबर ठाकुर
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
- पेट सम्बन्धी समस्या
- मुटु सम्बन्धी समस्या
- राति निद्रा नलाग्ने
- छाती दुख्ने
- फोक्सो सम्बन्धी समस्या
- बाथ
- थाईराईड
- रक्तचाप
- मधुमेह
डाक्टर आउने समय :
बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand



आयुर्वेद उपचार

यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।

सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्कः ९८१८७९३९८६, ९८५२६८८९८६



DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website
www.drishtieye.org
सबैका लागी दृष्टि
सधैंका लागी दृष्टि



आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक

१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरूः बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८



होटल समृद्धि सुरुङ्गा

एसी हल, एसी रुम, बर्थ डे हल, शान्त वातावरणमा खाना/बस्नसहितको विशेष सुविधा अब होटल समृद्धि सुरुङ्मा।

होटल समृद्धी
हरिकुल बोर्डिङ्ग छेउ, हाइवे उत्तर कनकाई नपा, सुरुङ्गा, झापा
सम्पर्क : ९८२२१९५२७३, ९८५२६७१४२२



हामीलाई सम्पर्क गर्नुहोस्

सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं।
*नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ।*

सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३



Ganapati Bakers
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस्।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७



वैदेशिक रोजगार

अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com



शुद्ध दूधको स्वस्थ उत्पादन
कोसेली

"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ।

कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२



विशेषज्ञ डाक्टरहरुको सेवा अब
कान्तिपुर मेडिसीन सेन्टर

उपचार हुने रोगहरु :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ
यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ। साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोनः ०२३-५३२८४५)



डेंगी रोगबाट आफू बचौं अरूलाई पनि बचाऔं





बिर्तामोड नगरपालिकाले डेङ्गी रोगको रोकथाम र नियन्त्रणको लागि लामखुट्टेको लार्भा 'खोज र नष्ट गर' अभियान सुरू गरेको हुँदा सबै जना अनिबार्य सहभागी बनौं।

**डेंगी के हो ?**
डेंगी लामखुट्टेबाट सर्ने भाइरल संक्रमण वा रोग हो। डेंगीका कारण उच्च ज्वरो आउने,बेस्सरी टाउको दुख्ने, आँखाको गेडी दुख्ने, हाडजोर्नी र मांसपेशीहरू र ढाड दुख्ने, शरीरमा विविरा आउने, रिँगटा लाग्ने, वाकवाकी, वान्ता हुने, यसका साथै पेट दुख्ने, श्वासप्रश्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि हुने गर्दछ।

**डेंगीबाट बच्न के गर्न सकिन्छ ?**
- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पूरा बाहुला भएको पूरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरू अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने,
- आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक स्थानहरूमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने,
- भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरी विसर्जन गर्ने।

डेंगीविरूद्ध खोप र खास उपचार समेत नभएकाले लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो। डेंगीको शंका लाग्नासाथ नजिकैको स्वास्थ्य संस्थामा अनिवार्य जानुहोस्।

जनहितका लागि
बिर्तामोड नगरपालिका
झापा, कोशी प्रदेश



हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९ को दफा १० (९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सु. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| खड्गप्रसाद गौतम<br>" | घैलाडुब्बा-५ | १०९१<br>१०९१ | ०-२-१८.७५<br>०-०-१४.२५ | देवलाल राजवंशी<br>" |
| नरमाया न्यौपाने | राजगढ-४ | ८०६ | १६७५.०० | टनका राजवंशी |
| नरेरुन खातुन | घेराबारी-७ | ५०<br>१२०८ | २८६०.००<br>२९०.०० | वेकोल राजवंशी/वंटोल राजवंशी/वभटोल राजवंशी |
| पल्ला राजवंशी | बनियानी-२ | ४०७ | ३४९३.३२ | चिकाला/चिकालान रा.व./धीकालाल राजवंशी |
| चिन्तामनलाल राजवंशी | बनियानी-२ | ४०६<br>४०९ | ३४९२.३४<br>३३८.६१ | चिकाला रा.व./चिकालाल रा.व./चिकलाल धीका लाल राजवंशी |
| दिपक पौडेल | भद्रपुर-४ | ४९ | २५३.५० | सावित्री देवी भुर्तेल/सावित्रा देवी |
| हुकुम प्रसाद पौडेल | भद्रपुर-४ | ५० | २५३.५० | सावित्री देवी भुर्तेल/सावित्रा देवी |
| दिपक पौडेल समेत | भद्रपुर-४ | ४७ | १५२.५० | सावित्री देवी भुर्तेल/सावित्रा देवी |
| ज्ञानप्रसाद पौडेल | भद्रपुर-४ | ४८ | १८५.५० | सावित्री देवी भुर्तेल/सावित्रा देवी |
| आलम मिया | पथरिया-४ | २०४७ | ३३८.६३ | हुसेन मिया |
| प्रेमलाल गणेश | पाठामारी-६ | २९२ | ७७५.०० | छोटा जेठा/छोटे जेठा सतार |
| प्रेमलाल गणेश | पाठामारी-६ | ३७५ | ६८९५.०० | छविलाल गणेश<br>ददीलाल/दधिलाल गणेश |
| गिरीराज निरौला | राजगढ-५ | १९३७<br>१९३९<br>१६२५ | २७४२.५०<br>४३८५.००<br>१६९३.१५ | पदम विनोद उपाध्या पदम विनोद<br>"<br>" |
| पवित्रामाया अधिकारी | चकचकी-७ | १५६९<br>१५७० | १-८-०<br>०-५-० | रेन हरदा सतार/ढेना हस्दा सतार |


उच्च गुणस्तर सुलभ मूल्य
सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।

सम्पर्क : ९८६६२४२४६६
Whatsp:
९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा



घर ढलान गर्नुछ ?

तपाईको सेवामा सधैं चन्द्र सूर्य आर.एम.सी. झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नु परेमा सधैं सम्झनुहोस्।
**सेवामा २४सैं घण्टा उपलब्ध छौं।**

सम्पर्क :
९८०२३१३२९०
९८२४०५७७०७
९८०२३१३२९३



कार्की ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४ ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०



ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२
९८०१३६४०९३



सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।



सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*

सम्पर्कः शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६